## अध्याय पाँच

# बस्ती अनुसन्धानको सुरुआत

### शाप्ला नीर, टोकियोको प्रतिक्रिया

नेपालमा छ महिना लामो अनुसन्धानको काम थालिएको आरम्भमै टोकियोमा शाप्ला नीरसँग सम्बन्धित व्यक्ति, जाइका (जापान अन्तर्राष्ट्रिय सहयोग संस्था, JICA) का कर्मचारी र नेपाल विशेषज्ञहरू समेतको "नेपाल समिति" स्थापना भएको थियो। त्यसले मैले पठाएको हरेक महिनाका प्रतिवेदनहरू अध्ययन गरिरहेको थियो। त्यस समितिको बैठक चार पटक बसिसकेको थियो। म जापान फर्कने बेलामा भावी कार्ययोजनाबारे छलफल गर्नका लागि समितिले पुनः बैठक बोलायो। त्यस बैठकमा मैले (क) नेपालको पश्चिम तराईको बर्दिया जिल्लामा स्पेससँग मिलेर पुनर्स्थापित बासिन्दाको सहयोगका लागि कार्यक्रम सञ्चालन गर्नुका साथै कमैया समस्याको समाधानमा संलग्नताको लागि सम्भावनाको खोजी गर्ने; र (ख) नेपालको पश्चिम पहाडको सल्यान जिल्लामा सेन्टर फर सेल्फ-हेल्प डेभलप्मेन्ट, सिएसडिसँग मिलेर महिलाहरूलाई लक्षित गरी ग्रामीण क्षेत्र विकास परियोजना सुरु गर्ने मुख्यतः दुई बुँदाहरू प्रस्तुत गरेँ।

उपर्युक्तमध्ये दोस्रो बुँदामा सबै सदस्यहरूले सहमति जनाए तर पहिलोमा सहमति हुन सकेन। छलफलमा पहिलो प्रस्तावको विमर्श गर्ने क्रममा तीन तर्कहरू हाबी भए,

सहयोग कार्यक्रम सञ्चालन गर्ने ठाउँमा जमिनदारहरूको पक्षबाट विभिन्नखालका हस्तक्षेपकारी खतरा आइलाग्न सक्छन् ।

अहिलेको अवस्थामा आदिवासी/जनजाति समस्या राजनीतीकरणबाट प्रभावित हुने सम्भावना बढी छ। राजनीतिक क्रियाकलापमा संलग्न नहुने सर्तमा नेपाल सरकारबाट स्वीकृति प्राप्त विदेशी गैससका लागि यो समस्याको विषय हुन सक्दछ।

निश्चय पनि यो एक जटिल परिस्थिति हो तर यति ठूलो समस्याप्रति आँखा चिम्लनु पनि त भएन ।

मैले "पुनर्स्थापन गरिएकाहरू स्वतन्त्र भइसकेका हुनाले जमिनदारबाट बाधाअड्चन आउने सम्भावना कम छ। त्यसमाथि पनि सरकारद्वारा नै सार्वजनिक जग्गामा पुनर्स्थापन गरिएको हुँदा सरकारी मामिलामा कुनै झञ्झट नहोला कि" भन्ने तर्क राखेँ। "एकैचोटि दुई–दुईओटा काम सुरु गर्न गाह्रो हुन्छ कि" भन्ने तर्क पनि निस्क्यो। मैले "कुनै एउटालाई मात्र रोज्ने हो भने कमैया सहयोगमा प्राथमिकता दिनुपर्ने" विषयमा जोड दिएँ।

कुनै निष्कर्ष ननिस्केकोले अन्त्यमा प्रमुख सचिव कावागुचीले आफ्नो विचार व्यक्त गर्दै "सादामाचुले व्यक्त गर्नुभएका कुरा र कमैयाबारे अझै पनि जानकारी नभएका थुप्रै कुराहरू भएकोले पुनर्स्थापन गरिएका क्षेत्रमा थप अनुसन्धान गरी त्यसको परिणामको आधारमा परियोजना सुरु गर्ने कि नगर्ने भन्ने कुराको निर्णय गरेमा कस्तो होला ?"

अन्तमा यही प्रस्तावमा सहमति भयो र शाप्ला नीरले कमैया पुनर्वास क्षेत्रको अनुसन्धान र पहाडी भेगको ग्रामीण कृषि विकास परियोजनासमेत दुवै कार्य सँगसँगै अगाडि बढाउँदै लैजाने निर्णय भयो। त्यसपछि मैले "दीर्घकालीन अनुसन्धानकर्ता" बाट जून महिनादेखि "आवासीय प्रतिनिधि" भई आधिकारिक रूपले नेपालमा काम सुरु गरेँ।

## हतारमा विवाह

नेपालमा फर्कनुअगाडि मेरो व्यक्तिगत जीवनमा एउटा ठूलो परिवर्तन देखा पर्‍यो। त्यो मेरो विवाहसम्बन्धी कुरा थियो। मेरी जीवनसंगिनी जापानमा मैले गर्दै आएको कामलाई निरन्तरता दिन शाप्ला नीरमा अनुबन्धित कर्मचारी हुन्। उनले विश्वविद्यालयको अध्ययनपछि निजी व्यवसायमा काम गरिन्। त्यहाँबाट अवकाश लिई बेलायतमा गएर "विकास र लैङ्गिकता" विषयको अध्ययन गरिन्।

स्वदेश फर्किसकेपछि उनलाई गैससमा काम गर्ने चाहना जाग्यो । त्यसै बेला प्रमुख सचिव कावागुचीले उनलाई त्यहाँ नियुक्त गर्नुभएको थियो ।

त्यस बेलासम्म मेरो विवाह गर्ने रुचि जागेको थिएन । तेत्तीस वर्षको उमेर भइसकेको र नेपालमा आवासीय प्रतिनिधिको रूपमा काम गर्न थालेपछि चार वर्षसम्म फर्केर जान सकिँदैनथ्यो । बरु त्यसभन्दा अगाडि नै विवाह गरे राम्रो होला भनेर कावागुचीजीले पनि सल्लाह दिनु भयो । तर मेरो विवाह गर्ने सोचाइ नभएको थाहा पाएपछि उहाँले पनि त्यो प्रसङ्ग उठाउन छोड्नुभयो । तथापि सँगसँगै काम गर्दै जाँदा, बेलायतको पढाइका सम्झनाहरू आदिबाट उनी र मबीचको आत्मीयता गाढा हुँदै गएको थियो । चिनजान भएको छ महिनामै मैले विवाहको प्रस्ताव राखेँ । केटी फकाउन नजानेको भएर होला मलाई त्यस बेला अचम्म लागिरहेको थियो ।

मलाई सम्झना छ, नेपालमा काम गर्न थाल्नुअगाडि मेरो जीवनमा धेरै उतारचढावहरू आएका थिए । म सामान्य मानसिक स्थितिमा थिइन । आफूले विवाहको प्रस्ताव राखेको कुरा कावागुचीजीलाई बताउँदा त उहाँले अचम्म मान्दै "विवाह गर्दा राम्रो हुन्छ त मैले पनि भनेको थिएँ, आफ्नो काममा सघाउ पुग्ने व्यक्तिलाई नै जीवनसाथी रोज्नुभएछ" भन्नुभयो ।

नेपालमा स्थायीरूपले बसी काम गर्ने भएकोले उनले विवाहको लागि अवकाश लिएर मसँगै आउनु सामान्य कुरा हो भन्ने मैले ठानेको थिएँ । भर्खरमात्र काम गर्न थालेकोले विवाहको कारण अवकाश लिनुपर्दा शाप्ला नीरका सहकर्मीहरूले पनि नरमाइलो माने । "अरू केही उपाय छ कि ?" भन्ने सहकर्मीहरू पनि थिए । "काममा निरन्तरता होस् भन्ने त चाहन्छौँ तर सुरुदेखि नै दुईजनाका लागि आवश्यक पर्ने खर्चको व्यवस्था गर्न गाह्रो हुन्छ होला" भन्ने सचिवालयको ठम्याइ थियो । तर "भर्खर विवाहबन्धनमा गाँसिएका जोडी छुट्टाछुट्टै बसून्" भन्न पनि कार्यालयका साथीहरू चाहन्नथे । यी सबै कुरा अपर्झट भएका थिए । यसले गर्दा उनलाई आघात पुगेको कुरा पछि नेपालमा काम गर्न थालेपछि बताएकी थिइन् ।

"तपाईंले नेपाली महिलाहरूको शोषणबारे विभिन्न कुरा त गर्नुहुन्छ तर आफ्नो सबभन्दा नजिकको महिलाप्रति भेदभाव भइरहेको कुरा चाहिँ चाल पाउनुभएन ?"

यी र यस्तै कुराहरूको कारणले गर्दा नै मैले विस्तारै लैङ्गिक एवं जातीय भेदभावका समस्याहरूबारे विचार गर्न थालेको हुँ कि जस्तो लाग्छ ।

यसरी मेरो लागि नेपाल स्थायी बसोबासको थलो बन्नुका साथै वैवाहिक जीवनका सुरुका दिनहरू बिताउने ठाउँ पनि बन्न पुग्यो ।

## साक्षरता अभियानमा एउटा नयाँ विधिको प्रयोग

नेपाल फर्केपछि दुई महिनाजति सिएसडिको ग्रामीण विकास परियोजनाको तयारीमा समय दिनुपर्ने भयो । समय मिलाएर स्पेससँग पनि कमैया पुनर्स्थापन क्षेत्रमा गरिने अनुसन्धानका सम्बन्धमा कुराकानी अगाडि बढ्दै गयो । पूर्वसर्वेक्षणको निष्कर्षअनुसार पुनर्स्थापन गरिएका कमैयाहरू जग्गाप्राप्ति आन्दोलनबाट निकै सङ्गठित भएका देखिन्छन् । तर जग्गा हात परे पनि बसोबासका लागि उपयुक्त वातावरण तयार भइनसकेकोले पुनर्स्थापन क्षेत्रमा जीविकोपार्जनका समस्याहरू भएजस्तो लाग्थ्यो ।

अब हामीले पुनर्स्थापन गरिएका बासिन्दालाई सहयोग पुग्ने कार्यक्रम सुरु गरी तिनीहरूका अनुभवलाई अध्ययन गर्दै तिनीहरूले गर्दै आएका क्रियाकलापका आधारमा परियोजना तयार पार्नु उत्तम हुने ठान्यौँ । त्यसैले हामीले सर्वेक्षण अगाडि बढाउने प्रक्रियामा पनि खालि बाहिरबाट आएका विशेषज्ञबाट मात्र बासिन्दाहरूको अवस्थालाई हेरेर परियोजनाका क्रियाकलापको निर्णय गरेनौं । स्थानीय बासिन्दा स्वयंको सक्रियता र स्पेसको मद्दतमा आफ्नो जीविकोपार्जनको वास्तविकता पत्ता लगाई अहिलेसम्म आफूले गर्दै आएका क्रियाकलापलाई आगामी दिनमा अझ राम्ररी विकसित गर्दै जाने कुरा विचार गर्न स्थानीय बासिन्दा सक्षम होऊन् भन्ने उद्देश्य राख्यौँ । गैससद्वारा तयार पारिएका बनिबनाउ परियोजना क्रियाकलापमा बासिन्दाहरूको सहभागिता खोज्नुभन्दा बासिन्दा आफैले थाल्ने क्रियाकलापको अपेक्षा राखिएको थियो ।

यिनै कुराकानी चलिरहेको बेला केशवले एउटा अति चाखलाग्दो कुरा निकाल्नुभयो । उहाँले स्पेसको एउटा साझेदार संस्था एक्सन एडले चेतना जगाउने उद्देश्यले साक्षरता कार्यक्रममा नयाँ विधिको विकास गरेको र त्यसमा उहाँ पनि संलग्न भएको कुरा सुनाउनुभयो । परावर्तन (REFLECT)[१] नाम

१ सामुदायिक सशक्तीकरणको विधिद्वारा फ्रेरमुखी साक्षरता कार्यक्रमको पुनरूत्थान (Regenerated Freirian Literacy through Empowering Community Technique) लाई छोटकरीमा परावर्तन भनिएको हो । विस्तृत जानकारीका लागि हेर्नोस् Archers and Sara (1996) ।

दिइएको त्यस नयाँ विधिको संक्षिप्त परिचय पुस्तिका पढेपछि म एक्कासि चिच्याएँ, "यही त हो नि !"

साक्षरता कार्यक्रमद्वारा जागरणको अभ्यास गर्दा बासिन्दाहरूमा सक्रियता ल्याउन सघाउ पुग्ने खालका विषयवस्तुको खोजी गर्ने कार्य सजिलो हुँदैन । "ऋण" तथा "गोरु" आदि मूल शब्दको माध्यमबाट "ऋण असुली समूह" तथा "सामूहिक गोरु उपभोक्ता समूह" को गठनबारे स्पेसको उदाहरण अगाडि नै उल्लेख गरिसकिएको छ । तर यो अत्यन्त धैर्यका साथ गर्नुपर्ने काम भएकोले स्पेसको कार्यक्रम पनि सुचारू भने थिएन ।

"केही खास विषयवस्तु" छानेर कार्यक्रम सञ्चालन गरे तापनि ती विषयवस्तु बासिन्दाका समस्या समाधानतिर मुखरित भएका उदाहरण बिरलै पाइन्छन् । यसो हुनुमा साक्षरता कार्यक्रम सञ्चालन गर्दै आएका प्रायजसो सहयोगी संस्थाहरूले आफैं विषयवस्तुको खोजी नगरी पूर्वनिर्धारित राष्ट्रिय पाठचक्रमको प्रयोग गर्दै आउनु पनि हो । राष्ट्रिय पाठचक्रमका विषयवस्तु स्थानीय तहमा देखापर्ने विविधखाले समस्यासँग मेल खान नसक्दा बासिन्दाका समस्याहरू ओझेलमा पर्दैजानु स्वभाविकै हो । यस्ता समस्याको समाधानका लागि परावर्तनमार्फत "पिआरए"[२] अनुसन्धान विधिलाई अपनाइएको थियो । पिआए विधिअन्तर्गत प्रचलित विशेषज्ञनिर्देशित ग्रामीण अनुसन्धानलाई स्थानीय बासिन्दामूलक बनाउन विगतका सर्वेक्षण प्रश्नावलीमा परिवर्तन गरी बासिन्दाहरूले आफ्ना वरिपरि रहेका वस्तुहरूको प्रयोग गरी विभिन्न चित्र बनाएर छलफल गर्दै, सिक्दै अगाडि बढ्ने प्रयास गरिएको हुन्छ (उदाहरणका लागि, बासिन्दाहरूले एकै ठाउँमा जम्मा भएर वरिपरिका ढुङ्गामाटो, हाँगा, पात, अन्न आदिको प्रयोग गरी चित्र बनाउने; विभिन्न लम्बाइमा काटेका कागजको प्रयोगबाट वर्षा, मजदुरी, आयआर्जन आदिको मौसमअनुसार घटबढको सङ्केत दिने चित्र बनाउने आदि) ।

परावर्तनमा बासिन्दाद्वारा बनाइएका यस्ता चित्रहरू साक्षरता कार्यक्रमका शैक्षिक सामग्री थिए । यसरी बनाइएका चित्रहरू काल्पनिक नभई वास्तविक हुन्छन् र गाउँका मुख्य मुख्य समस्यालाई कक्षामा पनि त्यहीअनुरूप राख्न सकिने सम्भावना हुन्छ । यो हामीले अब सुरु गर्न चाहिरहेको अनुसन्धानसँग ठ्याक्कै मिल्ने विधि हो ।

---

[२] Participatory Rural Appraisal पिआरएको पूरा अर्थ हो । विस्तृत जानकारीका लागि Chambers (1997) हेर्नोस् ।

यो त अति नै उत्तम अवधारणा हो । बर्दिया जिल्लाको सर्वेक्षणमा पनि यसलाई प्रयोग गरेर हेर्ने मेरो र केशवको विचार मिल्यो ।

## कनरा आन्दोलनका नेता

सन् १९९५ को सेप्टेम्बरमा नेपालमा सबैभन्दा ठूलो प्रतिपक्षी पार्टी नेपाली काङ्ग्रेसले राष्ट्रिय प्रजातन्त्र पार्टीसँग गठबन्धन गरी नेपाल कम्युनिष्ट पार्टी एमालेको सरकारलाई सत्ताच्यूत गऱ्यो । अब कमैया सहयोगका लागि सरकारको नीति कस्तो हुने हो भन्ने जिज्ञासाको विषय रह्यो । यही समयमा टोकियोबाट शाप्ला नीरका प्रतिनिधि अध्यक्ष साइतो चिहिरो र प्रमुख सचिव कावागुची क्रियाकलाप सञ्चालन गर्नुअगाडि छनोट भएका क्षेत्रको निरीक्षण गर्ने उद्देश्यले काजमा नेपाल आउनुभएको थियो । मैले दुवैलाई पहिले सिएसडिसँग कार्यरत् क्षेत्रको र पछि बर्दिया जिल्लाको अवलोकन गराएँ ।

बर्दियामा स्पेसका युवा कार्यकर्ता श्रीराम चौधरीले होटेलमा हामीलाई पर्खिरहेका थिए । उनीसँग मेरो सिन्धुलीमा स्पेसको कार्यक्षेत्रमा जाँदा परिचय भएको थियो । उनी थारू मूलका थिए । कमैया पुनर्स्थापन क्षेत्रमा औपचारिक सर्वेक्षण सुरु भएपछि उनको बसाइँ बर्दियामा हुने कुरा अनौपचारिक रूपमा निश्चित भइसकेको थियो । उनका बाबुले दाङ जिल्लामा एक समय कमैया भई काम गरिसकेका थिए । यसपालिको शाप्ला नीरको सर्वेक्षणमा उनले व्यक्तिगत रूपमा धेरै चासो लिइरहेका थिए ।

हामी चारजना लक्ष्मणा गाउँतिर जाँदा जग्गाप्राप्ति आन्दोलनका नेता घरमै भएको खबर पाइयो । थारू मूलका व्यक्तिहरू साना कदका हुने भए तापनि उनको शरीर ठूलो र सुगठित थियो ।

"हामी तीन जना जापानी गैरसरकारी संस्था शाप्ला नीरबाट आएका हौँ, उहाँचाहिँ नेपाली गैसस स्पेसका कार्यकर्ता हुनुहुन्छ । म बाहेक उहाँहरू तीनै जनाको यो पहिलो भ्रमण हो । तर म छ महिनाजति अगाडि यो गाउँमा एकपल्ट आएको थिएँ । त्यस बेला तपाईंलाई भेट्न नपाएकोमा दुःख लागेको थियो । तपाईंको श्रीमतीबाट जग्गाप्राप्ति आन्दोलनबारे कुरा सुनेकोले त्यस सम्बन्धमा मेरा थुप्रै जिज्ञासाहरू थिए । त्यसकारण यसपालि थप जानकारी लिउँ भनेर आएको हुँ ।"

श्रीरामलाई मेरो अभिवादनको थारू भाषामा अनुवाद गर्न अनुरोध गरें। त्यस बेलासम्म शङ्कास्पद दृष्टिले हेरिरहेका ती व्यक्तिको अनुहारमा केही सकारात्मक सङ्केत देखिए। उनी आफू रमेश चौधरी (परिवर्तित नाम) भएको भनी हात मिलाउन अगाडि सरे। हामीले जग्गाप्राप्ति आन्दोलनसम्बन्धी केही प्रश्नहरू सुरु गर्नलाग्दा उनले "एक्कैछिन् पर्खनुस् है" भन्दै घर भित्रबाट पुरानो कापी लिएर आए। त्यसमा त धेरै कुरा लेखिएको थियो। के लेखिएको होला ?

"यो अहिलेसम्म लेख्न भ्याएको आन्दोलनको रेकर्ड हो।"

श्रीरामको सहयोगबाट यो सुन्न पाउँदा हामी तीनै जना खुशी भयौं। "असाद्धै राम्रो, यी कुराहरूलाई अनुवाद गर्न पाए त निश्चय पनि धेरै कुरा थाहा पाउन सकिन्थ्यो।"

"अशिक्षित तथा सोझा" भनेर चिनिएका कमैयाहरूभित्र आफ्नै चेतनाले जमिनदारको पञ्जाबाट फुत्केर सरकारसमक्ष जग्गाप्राप्तिको मागलाई निरन्तरता दिई पुनर्स्थापनासम्मका कुराहरू समेटेर क्रमबद्ध रूपमा आफैंले लेख्न सक्ने प्रतिभाशाली व्यक्ति पनि रहेछन्। हामी सबैले रमेशको मुक्तकण्ठले प्रशंसा गर्‍यौं।

पहिलोपटकको भेटघाट भएकोले उनको कापीमा लेखिएका कुरासम्बन्धी विस्तृत प्रश्न गरेनौं। तर हामीमा कमैया समस्याप्रति गहिरो चासो भएको कुरा र त्यसको समाधानको लागि थारूहरूको अनुभवबाट सिक्न चाहेको कुरा बतायौं। त्यसपछि "चाँडै नै अरू धेरै कुराहरू बुझ्न स्पेसका कार्यकर्ता यस गाउँमा आउँछन् होला। त्यति बेला तपाईंको सहयोगको लागि अनुरोध गर्दछौं" भन्दै हामी लक्ष्मणा गाउँबाट हिडचौं।

स्थलगत भ्रमण गरी आन्दोलनका नेतासँग प्रत्यक्ष भेटघाट गर्न पाउँदा साइतो र कावागुची दुवै जनालाई पुनर्स्थापन क्षेत्रको सर्वेक्षणमा अगाडि बढ्ने हौसला मिल्यो। सँगै हिँडेका श्रीराम पनि धेरै उत्साहित भएका थिए।

"अहिलेसम्म हामीले थारूलाई अरू समुदायबाट शोषण गरिएका एकथरी कमजोर जाति ठान्थ्यौं, तर यति आँटिल र साहसी थारू पनि रहेछन्" म मनमनै गुन्गुनाएँ।

## सर्वेक्षणको परिकल्पना

त्यसपछिको दुई महिनाजति सिएसडिसँगको कार्यक्रम अन्तर्गत योजना तर्जुमासम्बन्धी काममा म व्यस्त भएँ भने अर्कोतिर डिसेम्बरसम्ममा स्पेससँगको कमैया पुनर्वास

क्षेत्रको सर्वेक्षणको रूपरेखा तालिका २ बमोजिम निर्माण गरियो । छोटो अवधिको लागि पुनर्वास क्षेत्रमा केही सहयोगी क्रियाकलाप सञ्चालन गर्ने र त्यसैको आधारमा चरणबद्धरूपमा अहिलेसम्म जमिनदारको अधीनमा रहेका कमैयाहरूलाई सहयोग गर्ने बाटो खोज्ने रणनीति तय गरियो ।

सन् १९९६ को जनवरीबाट पुनर्वास क्षेत्रमा सर्वेक्षणकार्यको सुरुआत गर्ने निर्णय भयो । त्यसको अनुमानित बजेट एक लाख नब्बे हजार रुपियाँको थियो ।

## अन्योलको अवस्था

जनवरी १४ देखि स्पेसको टोलीले कमैया पुनर्स्थापन क्षेत्रमा स्थायीरूपले बसी सर्वेक्षण सुरु गऱ्यो । त्यस बेला टोलीमा श्रीरामलगायत चार जना थिए ।

सुरुमा स्पेसको सर्वेक्षण टोलीमा सबै थारू मूलका व्यक्तिलाई सहभागी गराउने विचार आयो, तर पछिबाट एकदुईजना थारूबाहेकका व्यक्ति हुँदा पनि राम्रो हुन्छ होला भनेर काठमाडौँका आदिवासी नेवार मूलका अनुभवी जगत महर्जनलाई साक्षरता कार्यक्रमको प्रशिक्षकको रूपमा छनोट गरियो । तेस्रो व्यक्ति अर्कै गैसस कार्यलयका कर्मचारी ब्राह्मण जातिका कमल भण्डारी थिए । मध्य तराईमा उनले आदिबासीहरूसँग काम गरेको अनुभव उपयोगी होला भन्ने ठानेर कमललाई सहभागी गराइयो । उनी टिममा सबैभन्दा होनाहार व्यक्ति थिए ।

यी तीनै जनाले बेग्लाबेग्लै बस्तीमा बसी सर्वेक्षणको काम गर्नुपर्थ्यो । स्थानीय तहमा र काठमाडौँ आवतजावत गरी सबै कुराको बन्दोबस्त मिलाउने जिम्मेवारी ब्राह्मण जातिका अनिल भट्टराईको थियो । उनी पनि स्पेसका कर्मचारी भने थिएनन् । उनी मैले निबन्धमा पढेको ग्रामीण महिलाहरूको वृक्षारोपण परियोजनामा कामको अनुभव सँगालेका र बासिन्दाहरूको जागरण क्रियाकलापमा लागिरहेका व्यक्ति थिए ।

केशव र मैले कम्तीमा पनि एकजना महिलालाई सर्वेक्षण टिममा राख्न चाहेका थियौँ । तर असाध्यै गर्मी ठाउँ, स्थानीय बासिन्दासरह पाँच महिनासम्म जीविका चलाउने सर्त मञ्जुर गर्ने, त्यसमा पनि सर्वेक्षणको कामको अभिभारा लिनसक्ने उच्च शिक्षा हासिल गरेका नेपाली महिलाहरू भेट्टाउन गाह्रो थियो । पछि, मार्चको मध्यतिरबाट मात्र थारू मूलकी महिला उमा चौधरीलाई टोलीमा संलग्न गराइयो ।

**तालिका २: कमैया पुनर्स्थापन क्षेत्र सर्वेक्षण परियोजनाको रूपरेखा**

| १. सर्वेक्षणको उद्देश्य | २. सर्वेक्षणका मुख्य बुँदाहरू | ३. सर्वेक्षण विधि |
|---|---|---|
| (क) पुनस्थापित कमैयाको वास्तविक जीविकाको खोजी गरी त्यसको विकासको लागि प्रत्यक्ष कार्यान्वयन गर्न सकिने परियोजना प्रस्ताव सङ्कलन गर्ने । | (क) पुनर्स्थापितहरूको वर्तमान स्थायी बसोबासको ढाँचा, जीविकोपार्जनको तरिका, भोग्नुपरेका समस्याहरू । | (क) सर्वेक्षण अवधिभर स्पेसमा कार्यरत कर्मचारीमध्ये केही पुनर्वासक्षेत्रमा बसी त्यहाँका बासिन्दासरह जीविका चलाउँदै सर्वेक्षण अगाडि बढाउने । |
| (ख) कमैयाप्रथाको सबै पक्षलाई गहिराइसम्म बुझी हालसम्म जमिनदारको अधीनमा काम गरिरहेका कमैयाको लागि भविष्यमा कस्तो किसिमको सहयोगको सम्भावना छ भन्नेबारे मनन गर्ने । | (ख) पुनर्स्थापितहरूको वर्तमान साङ्गठनिक अवस्था अथवा क्रियाकलापको विषयवस्तु । | (ख) सुरुका दुई हप्ताजति स्थानीय बासिन्दासँग सम्बन्ध विस्तारमा जोड गर्ने । |
| | (ग) कमैयाको मूल र परिवर्तन । | (ग) त्यसपछि स्थानीय बासिन्दासँग अन्तर्वार्ता लिने अथवा सामूहिक छलफलमार्फत आधारभूत जानकारीको सङ्कलन सुरु गर्ने । |
| | (घ) वर्तमान कमैयाप्रथा तथा त्यसलाई आश्रय दिने विभिन्न सरोकार पक्ष । | (घ) पिआरए तथा परावर्तन आदि विधि अपनाई स्थानीय बासिन्दा आफैँले आफ्नो जीविकोपार्जनमा आउने समस्यालाई छलफल गर्ने, समस्या समाधानका उपायहरू सङ्कलन गर्न सकिने गरी सहयोग गर्दै जाने । |
| | (ङ) कनरा आन्दोलनको मूल, इतिहास तथा परिणाम । | (ङ) यसबीच स्पेस कार्यालयका मुख्य व्यक्तिले सर्वेक्षणमा भएको प्रगतिको जाँच गरी स्थानीय सर्वेक्षण टोलीलाई आवश्यक सहयोग गर्ने । |
| | (च) कमैयाको कृषि, पशुपालन, निर्माण, स्वास्थ्य उपचार आदिसँग सम्बन्धित ज्ञान । | (च) शाप्ला नीरले सर्वेक्षणमा आवश्यक पर्ने सबै खर्च व्यहोर्ने, आवासीय प्रतिनिधिमार्फत आवश्यक परेमा प्रगतिको अवस्थाबारे अनुगमन गर्ने । |

सर्वेक्षण टोली बसोबास गरिरहेको बस्ती आन्दोलनबाट पुनर्स्थापित भएका मानिसहरूको बस्ती थिए । रमेश बस्ने लक्ष्मणा गाउँ (७९ परिवार, ४६५ जना) मा खैरेनी (१३६ परिवार, ४९४ जना) र हरैया (८० परिवार, ४११ जना) गाउँ थपेर तीनओटा बनाइयो । ती सबै रमेशमार्फत परिचय गराइएका बस्ती थिए । खैरेनी गाउँमा श्रीराम, लक्ष्मणा गाउँमा जगत र उमा, हरैया गाउँमा कमल रहने गरी सर्वेक्षण सुरु गरियो । यसरी लेखिरहँदा उनीहरूको वर्गीकरण सजिलो देखिए तापनि यथार्थमा बसोबास गर्न कठिन थियो ।

सर्वेक्षणको सुरुआत गर्नुअगाडि स्थानीय अवस्था बुझ्न पुनर्स्थापन क्षेत्रका केही बस्तीहरूको अवलोकन गऱ्यौँ । तर जुन बस्तीका बासिन्दाले पनि पहिले रमेशसँग सल्लाह लिनुपर्ने कुरा मात्र बताए । बाहिरबाट आएका मान्छेले बस्तीका मान्छेसँग कुरा गर्नुपर्दा रमेशमार्फत नै जानुपर्ने भयो । सुरुआतदेखि नै टोलीले पुनर्वासीको बीचमा रमेशको प्रभाव ठूलो मात्रामा रहेको महसुस गऱ्यो ।

टोलीसँगको सल्लाहपछि रमेशले ती तीनओटै बस्तीका प्रत्येक बादोगासँग उनीहरूको परिचय गराइदिए । प्रत्येक बस्तीमा गाउँका अध्यक्षको जस्तै भूमिका निभाउने बादोगाले "बाहिरका मान्छे गाउँमा आउँदा सबै गाउँलेलाई भेला गराई ऊ त्यहाँ आउनुको उद्देश्य बताउन लगाउने हाम्रो चलन हो" भनेर सुनाए । टोलीका सदस्यहरूले सर्वेक्षणको जिम्मा लिएका प्रत्येक गाउँमा गाउँलेलाई भेला गर्न लगाई "कमैया र कनरा आन्दोलनबारे सबै गाउँलेबाट बुझ्नका लागि आएका हौँ" भनी त्यहाँ आउनुको उद्देश्य बताए । साथै स्थानीय बासिन्दाले धेरै ठूलो सहयोगको आशा नराखून् भनेर सहयोगी क्रियाकलाप सुरु गर्नका लागि सर्वेक्षण गर्न आएको कुरा पनि बताइयो । यसरी बादोगाको स्वीकृति पाएपछि उनीहरू पाँच महिनाका लागि विभिन्न गाउँमा बसोबास गर्न पाउने भए । तर त्यसपछि पनि स्थानीय बासिन्दाहरूले बादोगामार्फत मात्र टोलीका सदस्यसँग सम्पर्क राख्न चाहन्थे । टोलीलाई गाउँमा पस्न दिएको केवल रमेश र बादोगाको कृपाले थियो । पहिले टोलीका सदस्यहरूलाई स्थानीय बासिन्दाले केही वास्तै गरेका थिएनन् ।

पहिला त "दुई हप्ताजति स्थानीय बासिन्दासँगै बसेर सम्बन्ध विस्तार गर्दै आवश्यक विश्वास सिर्जना भइसकेपछि पूर्णरूपले सर्वेक्षण सुरु गरौँ" भन्ने हाम्रो योजना थियो । तर यथार्थमा "स्थानीय बासिन्दासरह जीविका चलाउने" कुरा अरू नेपालीहरूलाई पनि सुरुसुरुमा त निकै गाह्रो भएको थियो ।

हरैया गाउँको जिम्मा लिएका कमलले त्यति बेलाको अनुभव यसरी बताएका थिए, “मैले स्थानीय बासिन्दाहरूको अवस्था यस्तो दुःखदायी हुन्छ भनी कल्पना पनि गरेको थिइन । परालले छाएको झुपडीमा ढोका पनि छैन, ह्वाङ्गको एउटै कोठामा सबैजना सँगै बस्नु पर्ला भनेर सोचेको पनि थिइन । बासिन्दाहरूको जीवनशैली र उनीहरूको वास्तविक अवस्था बुझ्न हामीले पनि उनीहरूकै जीवनशैलीलाई अँगाल्ने प्रयास गऱ्यौँ । उनीहरूकै जस्तो खानपिन गरी सामाजिक जीवनमा सहभागी हुने कोसिस पनि गऱ्यौँ । मलाई त एकदम अत्यास लाग्यो । किन यस्तो ठाउँमा आईपुगेँ, कस्तो काम गर्न पुगेछु जस्तो लाग्यो । कम्तीमा पनि खाने र सुत्ने ठाउँको व्यवस्था भएको भए त हुन्थ्यो नि ! (SPACE 1996) ।”

अर्कोतिर थारू समुदायकै श्रीरामको अवस्थामा “सांस्कृतिक असर” कम मात्रामा देखिएको थियो । यद्यपि श्रीरामले स्थानीय बासिन्दासँग सुरुको दुई हप्तामा नै विश्वासको सम्बन्ध बनाइसक्नु पर्ने थियो । तर नसोचेका सानातिना कुराहरूको कारणले गर्दा स्थानीय बासिन्दाबीच भ्रम पैदा भयो । उनको व्यथा यस्तो थियोः

> पुनर्स्थापन क्षेत्रमा पुगेपछि मैले सोच्दै आएको खैरेनी गाउँ फरक पाएँ । म थारू भएकोले उनीहरूको भाषा बुझ्न अरूलाई भन्दा सजिलो थियो । तैपनि सुरुमै अन्य विभिन्न समस्याहरू झेल्नु पऱ्यो । सुरुमा गाउँलेहरूको लागि म अति नै शङ्कास्पद मान्छे भएँ । उनीहरूमध्ये धेरैजसोले नेकपा एमालेको सरकार हुँदा जग्गा प्राप्त गरेका थिए । तर यति बेला चाहिँ नेकपा एमालेको सरकार थिएन र नयाँ आएको सरकारले ती अघिल्लो सरकारको निर्णय खारेज गर्ने त होइन ? भन्ने हल्ला चलेको थियो । मैले स्पेसबाट आएको भन्दा बासिन्दाहरूमा त “प्रहरी प्रमुख” भन्ने भ्रम परेछ । अब उनीहरूले मलाई यो प्रहरीबाट पठाइएको जासुस हो र हामीलाई हाम्रो बस्तीबाट हटाउन आएको हो भन्ने ठाने । साथै मैले “प्रतिभा” भन्ने शब्द छापिएको फाइल बोक्दै गरेको देख्दा उनीहरूले मलाई त्यहीँका एक ठूला जमिनदार प्रतिभा राणाको सहयोगी पो हो कि भन्ने ठाने (SPACE 1996) ।

पछि टोली सदस्यहरूको भेलामा थारू समुदायका श्रीरामलाई समेत यस्तो भ्रम परेको जानकारी पाएपछि निकै हाँसो पनि उठ्यो । जे होस् लामो समय बित्दा पनि दिल खोलेर कुरा नगर्ने बासिन्दाका माझ सुरुमा अनुसन्धान टोलीका सदस्यहरू अन्यौलमा पर्नुपऱ्यो ।

## क्रमिक विश्वास

एकजना बासिन्दा यातायात दुर्घटनामा परेपछि हामीमाथिको अविश्वासको अवस्था परिवर्तन भयो । बासिन्दासँगै रहेर अनुसन्धान गर्न थालेको दुई महिना पुग्दा लक्ष्मणा गाउँ नजिकको बाटोमा बासिन्दामध्येका एक पुरूष व्यक्तिलाई तीनपाङ्ग्रे टयाम्पोले हिर्कायो । ती व्यक्ति लडेर बेहोस भएपछि चालक भाग्यो । गाउँका एक युवकले त्यो सबै दृश्य देखेका थिए । तर आफूले केही मेसो नपाएपछि तिनले जगतलाई सूचना गरेछन् ।

जगतले स्थानीय बासिन्दासमक्ष घाइतेलाई सँगैको स्वास्थ्य चौकीसम्म बोकेर लैजान अनुरोध गरी आफूचाहिँ अरू केही व्यक्तिको मद्दत लिई टयाम्पो चालकलाई समातेर प्रहरीकहाँ पुऱ्याइदिए । ती व्यक्तिको चोटपटक गम्भीर भएकोले तुरन्तै नजिकको अस्पतालमा उपचार गराउन आवश्यक थियो । प्रहरीले चालकलाई घाइतेको उपचारमा लाग्ने सबै रकम बेहोर्न आदेश दियो । जगतले घाइते व्यक्तिलाई अस्पताल पुऱ्याउनुका साथै अस्पताल भर्नाका सबै प्रक्रिया पूरा गरी चालकलाई उपचारमा लाग्ने सम्पूर्ण रकम तिर्न लगाउने जिम्मेवारी पनि बहन गरे । एकहप्ताको उपचारपछि ती व्यक्ति अस्पतालबाट छुटे । तर यस अवधिमा जगतले सँगसँगै बसी हेरचाह गर्नुका साथै दिनहुँ अस्पताल र गाउँको आवतजावत गरी परिवारलाई घाइतेको अवस्थाबारे जानकारी दिँदै सान्त्वना दिने गरेका थिए ।

बाँकी दुईओटा गाउँमा पनि यस्तै नभए तापनि केही घटनाचाहिँ भएका थिए । हरैया गाउँको एक घरमा आगलागी हुँदा सो घर पूर्णरूपले ध्वस्त भयो । पीडित परिवारले प्रहरीसमक्ष आगलागीसम्बन्धी लिखित निवेदन दिने क्रममा कमलले सहयोग गरेका थिए । त्यस परिवारको तत्काल गुजाराका लागि स्थानीय बासिन्दाद्वारा गरिएको चन्दा सङ्कलन तथा सहयोगमा कमलले पनि व्यक्तिगत सहयोग दिएका थिए । क्षेत्रीय वन कार्यालयमा गई घर पुनर्निमाणका लागि काठ सहयोगको माग गरी उपलब्ध गराउन पनि उनले पहल गरेका थिए । खैरेनी गाउँमा स्थानीय एक बासिन्दाको मृत्यु हुँदा सूचना पाएका श्रीरामले आफू पनि अन्त्येष्टिमा सामेल भई मृत परिवारको अन्त्येष्टि क्रियामा चाहिने सरसामानको किनमेलका लागि चाहिने रकम व्यक्तिगत सहयोगस्वरूप दिएका थिए ।

यसरी अनुसन्धान टोलीका सदस्यले गाउँका अनेक घटनाहरूमा स्थानीय बासिन्दाको अवस्थाप्रति चासो राखी सक्रिय सहभागिता देखाउनाले उनीहरूसितको सम्बन्ध सुमधुर हुन थाल्यो । तर वास्तवमा अनुसन्धान टोलीप्रति स्थानीय बासिन्दाको

शङ्का पूर्णरूपले हटेको भने थिएन। उदाहरणका लागि प्रत्येक परिवारले कति जग्गा प्राप्त गरेको छ भन्ने सम्बन्धमा कहिल्यै पनि मुख खोल्दैनथे। साधारणतः पछिपछि उनीहरूले मन खोलेर बाहिरका मान्छेलाई सूचना दिन नहुने बताए।

## महिलाहरू आफैँले कालोपाटी बनाए

बस्ती अनुसन्धान थालेको तीन महिनापछि सन् १९९६ को अप्रिल महिनाको मध्यतिर सात महिनाको अन्तरालमा बर्दिया जिल्लाको भ्रमण गरेँ। अलि चाँडै आउने इच्छा थियो। तर केशवले "कोही विदेशी त्यहाँ गयो भने स्थानीय बासिन्दामा शङ्का उत्पन्न हुन्छ होला। अनुसन्धान टोली तथा स्थानीय बासिन्दाबीचको सम्बन्ध सुमधुर भई परस्परको विश्वास दरिलो नभएसम्म केही समय पर्खंदा राम्रो हुन्छ" भन्ने सुझाव दिनुभएपछि दुईपटकसम्म भ्रमणलाई पछि सारेँ।

अप्रिल महिनातिर बर्दिया जिल्लामा दिउँसोको तापक्रम ४० डिग्रीजति पुग्छ। त्यस्तो चर्को घाममा हिँड्दै म हरैया गाउँमा कमललाई भेट्न गएँ। तिनी बसेको घर स्याउलाले बारेको र परालले छाएको झुपडी थियो। तर त्यो टन्टलापुर घाममा जस्तापाताको छानामुनिभन्दा निकै शीतल थियो। कमल बिहान र साँझको शीतल समयमा गाउँ घुम्ने गर्दथे। गाउँ घुम्न जाँदा त्यहाँका महिलाहरू लाजले बोल्दैनथे। उनीहरूलाई भेला हुन सजिलो होस् भनेर दुईहप्ता अगाडिदेखि महिला साक्षरता कार्यक्रम सुरु गरिएको कुरा सुनेँ। सुरुमा सबैभन्दा बढी सांस्कृतिक भिन्नता महसुस गरेका कमलले तीनमहिनापछि त थारूभाषा पनि जानेर गाउँले जीवनशैलीमा राम्रैसँग भिजेका थिए।

दुईओटा मूढामा अड्काएर एउटा भेनिस्टरको पातो कोठाको कुनामा ठड्याएर राखेको छ। झ्वाट्ट हेर्दा त्यो साक्षरता कक्षामा कालोपाटीको सट्टा साधारण भेनिस्टरमा चकले अक्षर लेखिएका छन्। साक्षरता कक्षा बेलुकीपख सञ्चालन हुने भएकोले त्यति बेलासम्म म कमलकै कोठामा पर्खेर बसेँ।

साँझपख गाउँका दुईजना महिला आए। एकजनाले भेनिस्टर पाता बाहिर निकालिन्। अर्कीले कमलसँग टर्चलाईट मागेर बाहिर निस्किन्। मैले "बेलुकीको साक्षरता कक्षाका लागि सामग्री तयार गर्नलाई होला" भन्ने सोचेँ। तर कोठाको खाटमा एकघण्टाजति झकाएर यसो बाहिर हेर्छु त अघिको भेनिस्टर पातामा कालो लिपेर बगैँचाअगाडि राखिएको छ। एकैछिनमा भेनिस्टर पातालाई कालोपाटीमा परिवर्तन गरिएको थियो। अचम्म मानेर मैले जुरूक्क उठ्दै सोधेँ, "यो के हो ?"

"ए, त्यो ! टर्चलाईटको पुरानो ब्याट्रीलाई फोरेर त्यसभित्र भएको कार्बनलाई पानीमा भिजाएर लिपेको होला । किन, तपाईं त अचम्मै पर्नुभयो नि ।" केशवले भन्नुभयो ।

मैले अचम्म मानेको कारण छ । त्यस बेलासम्मको अनुसन्धानको सिलसिलामा म जति पनि नेपालका गाउँ घुमें, ती ठाउँका बासिन्दाले जापानी मान्छे भनेर थाहा पायो कि यो छैन, त्यो छैन भनी खाली सहयोगको माग गर्ने गर्दथे । "साक्षरता कक्षा सञ्चालनका लागि कालोपाटी ल्याइदिने होइन ?" भनेर कतिपल्ट सोधियो, थाहा छैन । तर हरैया गाउँका महिलाहरूले एउटा जापानी मान्छे आफ्ना आँखासामु भए तापनि आफ्नो वरिपरि भएका सामग्रीको प्रयोग गरी आफैंले कालोपाटी बनाए ।

"कुनै असल काम यो गाउँमा सुरु हुन गइरहेको छ ।"

म उक्त साक्षरता कक्षाको अवलोकन गर्न आतुर थिएँ ।

## पाठ्यपुस्तक विनाको साक्षरता कक्षा

आठ बजेपछि गाउँको एउटा घरअगाडिको बारीमा बीस जनाजति महिलाहरू हातमा बत्ती लिएर जम्मा भए । तिनीहरू साक्षरता कक्षामा सहभागी हुँदै थिए । तर पाठ्यपुस्तक भने बोकेका थिएनन् । के गर्ने होलान् ?

"सबैजना जम्मा भइसकेको निश्चित भएपछि एउटा थालभरिको खरानी दुई मिटरजति लम्बाइचौडाइ भएको जमिनमा फिँजाइयो । त्यसपछि कमलले महिलाहरूलाई बोलाए ।

"आज अक्षर सिक्नुअगाडि सबै जनाले हाम्रो गाउँको चित्र बनाऔं है ।"

तर ती महिलाले कस्तो "चित्र" हो भन्ने कुरा नबुझेर अल्मलिएजस्तो लाग्यो । खरानी छरेको ठाउँमा कमलले औंलाले धर्को तान्दै भने, "खरानी भित्रको ठाउँलाई हामी बसेको गाउँ मानौं, अब यहाँ "क" जीको घर कहाँनिर पर्छ होला ?"

निश्चय पनि त्यस कक्षामा सहभागीहरूको अत्यन्तै सक्रियता थियो । नाम बोलाइएकी महिला अगाडि आएर आफ्नो घर भएको ठाउँको अन्दाज लगाउँदै औंलाले चिह्न लगाइन् ।

"यो गाउँमा वनतिर जाने र बजारतिर जाने दुईओटा बाटा छन्, अब तिनको चित्र पनि बनाउँ न त ।"

खरानीमाथि दुइटा धर्का कोरी त्यसमाथि हरिया पात राखी वन जाने बाटो र बजारतिर जाने बाटोको लागि सेता ढुङ्गा राखियो । मैले आफ्नै आँखाअगाडि ती महिलाहरूको क्रमिक प्रगति देख्ने मौका पाएँ । त्यसपछि फेरि गाउँको एउटा घरलाई विभिन्न ठाउँमा सार्दै देखाउन थालेपछि त चुप लागेर हेरिरहेका महिलाहरू पनि अगाडि सर्न थाले ।

"मेरो घर त वनको नजिकै छ ।"

"मेरो घर त बाटोको पारिपट्टि नकोर्ने हो भने मिल्दैन ।"

यसरी कक्षा सुरु भई एकघण्टाभित्र सबैको सक्रिय सहभागितामा गाउँको चित्र तयार भयो । त्यसपछि कमलले कालोपाटीमा चकले वर्गाकारमाथि त्रिकोण जोडेका चित्र बनाई तिनको मुनि नेपाली भाषामा "घर" भनी लेखे ।

"अब आज हामीले यो घर भन्ने शब्दमा प्रयोग भएका "घ" र "र" को अध्ययन गरौँ ।"

अक्षरको अध्ययन गर्दै महिलाहरू अघिको घर बनाउँदाखेरिको कुरामा निकै उत्साहित भए । घरमा प्रयोग गरिने काठ, दाउरा वनबाट कसरी ल्याइन्थ्यो, सबै मिलेर कसरी काम गरिन्थ्यो, आफूहरू कनरा वनमा बास बसेको बेलामा प्रहरीले आफ्ना घरहरू कसरी भत्काइदिए, सबै महिलाले त्यस बेलाका दुःखका दिनहरू सम्झे ।

मलाई थारू भाषाका साथै नेपाली भाषा पनि राम्रोसँग नआउने भएकोले महिलाहरूका कुराकानी बुझ्न नसक्दा निकै दुःख लागेर आउँथ्यो । तैपनि त्यस दिन कमलले कनरा आन्दोलन र त्यसपछिको पुनर्वास प्रक्रियामा महिलाहरूले कस्ता जिम्मेवारी बहन गरेका थिए भन्ने सम्बन्धमा केही महत्त्वपूर्ण सवालहरू सोधेको कुरा बुझियो । यो साक्षरता कार्यक्रममा परावर्तन विधि प्रयोग गरिनु अनुसन्धानको एउटा महत्त्वपूर्ण पक्ष थियो ।

## आश्चर्यको कुरा

स्थानीय क्षेत्रको अवस्थाबाट सन्तुष्ट हुँदै म काठमाडौँ फर्कें । तर स्पेसको मुख्य कार्यालयमा जाँदा त सोच्दै नसोचेको, केशवले स्पेसबाट विदा लिने भन्ने आश्चर्यको कुरा मेरो कानमा पऱ्यो ।

"मैले १५ वर्षदेखि स्पेसको कार्यकर्ता भई काम गर्दै आएँ । कार्यालय सचिव भएर काम गरेको पनि चार वर्ष भयो । म कार्यालय सचिव हुँदाखेरि स्पेसमा विदेशी सहयोग रोकिएकोले धेरै गाह्रो परिस्थितिसमेत आएको थियो । तर अहिले

शाप्ला नीर समेत तीनओटा विदेशी गैससबाट सहयोग आइरहेको छ । अब चाँडै नै अरू कसैलाई कार्यालय सचिवको जिम्मेवारी हस्तान्तरण गर्नुपर्छ भन्ने मेरो सोचाइ छ । त्यसमाथि पनि मलाई एउटै संस्थामा लगातार काम गरिरहनु उपयुक्त लागेन । फेरि मलाई एक्सन एडबाट पनि सूचना अनुसन्धान विभागको प्रमुखको रूपमा काम गर्नका लागि प्रस्ताव आइरहेको छ ।"

सोच्दै नसोचेको कुरा ! कमैया समस्यामा संलग्न भएको बेलामा पनि एकचोटि छोड्ने कुरा गर्दा "स्पेस मै भए केही न केही गर्न सकिन्थ्यो कि" भन्ने आशा गरिएको थियो । साथै पुनर्स्थापित बासिन्दाहरूसँगको भेटघाट तथा अनुसन्धान यहाँसम्म आइपुग्नुमा केशवको ठूलो योगदान थियो । म अन्यौलमा परेँ । रोक्न मन त लागेको थियो । तर उहाँको पनि आफ्नै जीवन छ । ठूलो विदेशी गैसस, त्यसमाथि पनि विभागीय प्रमुख पदको प्रस्ताव आएको मौका, यस देशमा त्यति सजिलै आउने कुरा पनि थिएन । त्यसैले जबर्जस्ती रोक्ने कुरै आएन । "मैले तपाईंको अवस्था बुझेँ । तर अहिले बर्दिया जिल्लामा अगाडि बढिरहेको अनुसन्धानलाई मात्र भए पनि राम्ररी पूरा गर्न पाए हुन्थ्यो" मैले भने । योभन्दा बढी कर गर्न सकिन ।

पोहोर सेप्टेम्बर महिनामा स्थापना भएको संयुक्त सरकारले अघिल्लो सरकारलेझैँ कमैया समस्या समाधानमा ध्यान दिएको पाइएन । साथै संसदको अधिवेशनमा प्रस्तुत गर्ने भनिएको कमैया उन्मूलन नीतिको प्रस्ताव पनि त्यत्तिकै थन्किन पुगेको थियो । यस्तो अवस्थामा कनरा आन्दोलनका नेता रमेशको "स्पेससँग काम गर्न चाहन्छु" भन्ने प्रस्तावलाई स्वागत गर्न सकिन्छ भन्ने विचार केशवको थियो ।

"रमेशमा साम्प्रदायिक भावना भएकोले विचार पुऱ्याउनु जरूरी छ । साथै उनीहरूको त्यो सङ्गठनलाई अब प्रजातान्त्रिक स्वरूप दिनुपर्ने आवश्यकता पनि देखिएको छ ।"

"अनुसन्धानको परिणाम प्राप्त भइनसकेको अवस्थामा तत्काल जवाफ दिन त गाह्रो छ । तर कस्तो प्रकारको सहयोगको सम्भावना छ भन्ने कुरामा विचार गर्नुपर्ला ।" मैले यही जवाफ दिएँ ।

## स्वास्थ्यको कारण जापान प्रस्थान

जून २१ तारिख स्पेसबाट अनुसन्धान प्रतिवेदनको पहिलो मस्यौदा पेश गरियो । तत्कालको लागि अनुसन्धानको परिणाम भन्दा पनि त्यसको विधिसँग सम्बन्धित

विषयमा बढी जोड दिइएको थियो। मैले अनुसन्धानबाट बुझेका कुरालाई जतिसक्दो चाँडो बुझाउन अनुरोध गर्दै पहिलो मस्यौदामाथि टिप्पणी तयार गरिरहेको थिएँ। २३ तारिखका दिन अचानक मलाई एउटा अनौठो रोगले च्याप्यो ।

खुट्टाको औँलाको नङमा लागेको सानो घाउ पाक्न थाल्यो। सुरुमा त घाउ भएको भागमात्र अलिअलि सुन्निएजस्तो भयो। तर पछि त्यो औँलाको टुप्पाबाट दुख्दै दुख्दै क्रमशः घुँडा, तिघ्रा र कम्मरमा सर्दैगयो र अन्तमा टाउको पनि साह्रै दुख्न थाल्यो। अब खुट्टाबाट सुरु भएको कीटाणु शरीरभरि फैलिँदै टाउकोसम्म पुग्यो भन्ने कुराबाहेक मैले अरू केही सोच्न सकिन। दुखाइको पीडा सहन नसकेर पूरै रात ननिदाइकनै बित्यो। तर भोलिपल्ट बिहान फेरि कतै पनि दुखेन ।

धन्य ! ठूलो रोगमा परिणत नभई आफै निको भयो जस्तो लाग्यो। यस्तैमा केही समयपछि फेरि कानमा केही अप्ठचारो महसुस भयो। कुनै पनि आवाज एउटा अनौठो पाराले कति बेला ठूलो र कति बेला सानो गरी सुनिन थाल्यो। साँच्चै भन्ने हो भने टेपरिकर्डर छिटो गतिमा बजाउँदा सुनिने आवाज जस्तै। त्यतिमात्र होइन, आवाज पनि सानो सुनिन्थ्यो ।

काठमाडौँको शिक्षण अस्पतालमा गई कान जचाउँदा बाँया कानले पचहत्तर र दाँया कानले पचास प्रतिशत मात्र सुन्न सकेको अवस्था रहेछ। मेरो कानको उपचार गर्ने नेपाली डक्टरले भन्नुभयो, “कुनै भाइरसको कारणले होला। अहिलेको लागि स्टेरोइड औषधि लिने सल्लाह दिन्छु। तर यसमा त्यति धेरै भर नपर्नु होला।”

त्यसपछि मैले निको हुने विश्वास गुमाएँ। त्यसैबेला नेपालस्थित जापानी राजदूतावासमा आर्थिक सहयोगको जिम्मेवारी बहन गर्दै आउनुभएका ईकेनाकाजीको श्रीमती जो बालचिकित्सक हुनुहुन्थ्यो, उहाँलाई सम्झी फोन गरेँ।

उहाँले फोनबाट मेरो रोगको पूरा लक्षण बुझिसकेपछि भन्नुभयो, “बिरामीको यस्तो लक्षणबारे मैले पनि सुनेकी छु। यो सुस्त श्रवणको जटिल समस्या भन्ने रोग हो। तुरून्तै स्टेरोइड औषधि प्रयोग गरी कानको नशालाई बचाउन आवश्यक हुन्छ। नेपाली डाक्टरको कुरा ठीक हो। औषधि खाएरमात्र हुँदैन होला। तसर्थ अस्पतालमा भर्ना भई सलाइन लिनु उचित होला। तर नेपालको अस्पतालमा भर्ना हुने वा नहुने विषयमा विचार गर्नुपर्ला कि। बैंकककको अस्पताल भए ठीकै थियो। म त जापानमै फर्केर उपचार गराउँदा राम्रो हुने सल्लाह

दिन्छु । रोग लाग्दालाग्दै उपचार गर्नपाए पूर्णतया निको हुन सक्छ । तर ढिलो भयो भने पछि जतिसुकै उपचार गरे पनि निको नहुन सक्छ ।"

मैले धन्यवाद व्यक्त गर्दै फोन राखेँ र तुरून्तै टोकियोका सचिव कावागुचीको घरमा फोन गरी आफ्नो हालत बताएँ । भोलिपल्ट जुलाई ३ तारिखका दिन आकस्मिक उपचारका लागि स्वदेश फर्कने निधो भयो । मैले भर्खर लेखेर सकेको टिप्पणी केशवलाई दिनु भनी श्रीमतीलाई अनुरोध गरी काठमाडौँ विमानस्थलबाट बैंकक हुँदै नारिताको लागि उडेँ ।